सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

# स्वतः प्रकाशन (२०८२ श्रावण देखि २०८३ असार)

बागमती प्रदेश सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

पशुपन्छी तथा मत्स्य निकास निर्देशनालय

## पशु सेवा कार्यालय

धुलिखेल, काभ्रेपलाञ्चोक

Web: www.lsokavre.bagamati.gov.np

Email : vhsscdhulikhel2019@gmail.com


**सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण**

**सूचना सार्वजनिक गर्ने निकायको नामः पशु सेवा कार्यालय, धुलिखेल, काभ्रेपलाञ्चोक**

**सूचना सार्वजनिक गरेको अवधिः** <u>२०८२ श्रावण देखि २०८३ असार सम्म</u>

**१. निकायको संगठनात्मक स्वरुप र प्रकृति**

पशु सेवा कार्यालय, काभ्रेपलाञ्चोक बागमती प्रदेश सरकार को कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गतको सरकारी निकाय हो । यस कार्यालयको कार्यक्षेत्र काभ्रेपलाञ्चोक र सिन्धुपाल्चोक जिल्ला रहेको छ । यसको संगठनात्मक स्वरुप यस प्रकार रहेको छ ।



## २. निकायको काम, कर्तव्य र अधिकार

पशु सेवा कार्यालय, काभ्रेपलाञ्चोकको कार्यविवरण देहाय बमोजिम रहेको छ ।

- पशुपन्छी तथा मत्स्यका लागि बिशिष्टीकृत पशु चिकित्सा सेवा प्रदान गर्ने।
- पशुपन्छी तथा मत्स्य स्वास्थ्य परीक्षण तथा रोग निदानमा लागि आधुनिक प्रविधिको सेवा उपलव्ध गराउने ।
- पशुपन्छी रोग निदानका लागि प्रयोगशाला (प्याथोलोजिकल, प्यारासाईटोलोजिकल, माईक्रोबायोलोजिकल, वेशिक भाईरोलोजिकल तथा बायोमेट्रिक, बायोटेक्नोलोजी) सेवा प्रदान गर्ने ।
- राष्ट्रिय, प्रदेश तथा स्थानियस्तरमा प्राथमिकता प्राप्त पशुपन्छी तथा मत्स्य रोग सर्भिलेन्स गर्ने ।
- नियमन सेवा सञ्चालन सहजीकरण गर्ने ।
- पशुपन्छी तथा मत्स्यजन्य महामारी विपद व्यवस्थापन र रोग नियन्त्रणका लागि आवश्यक औषधि खोप तथा नियन्त्रण उपकरण/सामाग्रीको बफर स्टक(मौज्दात) व्यवस्थापन गर्ने ।
- कृत्रिम गर्भाधान सेवाको लागि तरल नाइट्रोजन तथा सिमेन व्यवस्थापन गर्ने।
- नयाँ पशु नश्ल वा प्रजाति प्रदेशमा भित्र्याउने वा विस्तार सम्बन्धी कार्य गर्दा प्रादेशिक तालुक निकाय र संघीय निकायसँगको समन्वयमा गर्ने ।
- पशु सेवा सम्बन्धी जनचेतनामूलक कार्य सञ्चालन गर्ने ।
- दुध,फुल,माछा, मासुको उत्पादन तथा उत्पादकत्व बढाउन कार्य योजना तयार गरि समन्वयमा कार्यान्वयन गर्ने ।
- पशुपन्छी तथा मत्स्यपालन गर्ने कृषक व्यवसायी तथा उद्यमीहरुले माग गरेको अवस्थामा विशिष्टिकृत प्राविधिक सेवा उपलव्ध गराउने ।
- पशु कल्याण सम्बन्धी आवश्यक कार्य गर्ने ।
- पशुपन्छी  मत्स्य सम्बन्धी कार्यक्षेत्रका स्थानिय तहको पशुजन्य उत्पादन तथा पशुपन्छी तथ्याङक अध्यावधिक गर्ने ।
- प्रदेश निर्देशनालयवाट प्रत्यायोजित कार्यहरु गर्ने ।
- कार्यालयको योजना तर्जुमा र कार्यान्वयनको प्रगति प्रतिवेदन निर्देशनालयमा पठाउने।
- आफ्नो कार्यक्षेत्र भित्र पशुपन्छी उत्पादन सामाग्रीहरु तथा पशुपन्छीजन्य उत्पादनहरुको गुणस्तर कायम गर्न आवश्यक कार्य गर्ने।

## ३. निकायमा रहने कर्मचारी संख्या

| क्र.स | पद | तह | समूह | दरवन्दी संख्या | पदपुर्ति संख्या | रिक्त संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | वरिष्ठ पशु चिकित्सक | नवौं | भेटेरिनरी | १ | १ | - | |
| २. | पशु विकास अधिकृत | आठौं | ला.पो.डे.डे | १ | १ | - | |
| ३. | पशु चिकित्सक | आठौं | भेटेरिनरी | १ | १ | - | |
| ४. | मत्स्य विकास अधिकृत | सातौ/आठौं | मत्स्य | १ | ० | १ | |
| ५. | पशु सेवा प्राविधिक/अधिकृत | सहायक पाँचौं/अधिकृत छैठौ | ला.पो.डे.डे | २ | २ | ० | |
| ६. | पशु स्वास्थ्य प्राविधिक/अधिकृत | सहायक पाँचौं/अधिकृत छैठौ | भेटेरिनरी | ३ | २ | १ | |
| ७. | लेखापाल | पाँचौ | सा. प्रशासन | १ | १ | - | |
| ८. | प्रशासन सहायक | पाँचौ | सा. प्रशासन | १ | १ | - | |
| ९. | कार्यलय सहयोगी | श्रेणी विहिन | सा. प्रशासन | ३ | २ | - | करार |
| १०. | हलुका सवारी चालक | श्रेणी विहिन | सा. प्रशासन | १ | १ | - | करार |
| | **जम्मा** | | | **१५** | **१३** | **२** | |

## ४. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवारी

### पशु चिकित्सा तथा प्रयोगशाला शाखा

- पशुपन्छी तथा मत्स्यका लागि विशिष्टिकृत पशु चिकित्सा सेवा (मेडिकल, सर्जिकल, गाईनेकोलोजिकल, रेडियोलोजिकल) प्रदान गर्ने ।
- पशुपन्छी तथा मत्स्य स्वास्थ्य परीक्षण तथा रोग निदानमा लागि आधुनिक उपकरणको प्रयोग गरि सेवा उपलव्ध गराउने ।
- पशुपन्छी रोग निदानका लागि प्रयोगशाला (प्याथोलोजिकल, प्यारासाईटोलोजिकल, माईक्रोबायोलोजिकल, वेशिक भाईरोलोजिकल तथा बायोमेट्रिक, बायोटेक्नोलोजी) सेवा प्रदान गर्ने ।
- पशुपन्छी तथा मत्स्य रोगहरुमा आवश्यकता अनुसार औषधोपचार सेवा सञ्चालन गर्ने ।
- पशुपन्छी तथा मत्स्य रोगको सर्भिलेन्स तथ्याङक संकलन, व्यवस्थापन तथा संप्रेषण गर्ने ।
- अल्ट्रासाउन्ड ,एकसरे लगायतका आधुनिक प्रविधियूक्त सेवा उपलवव्ध गराउने
- बिशेषज्ञवाट घुम्ति स्वास्थ्य शिविर लगायतका सेवा सञ्चालन गर्ने ।
- पशुको शव परीक्षण गर्ने ।
- नेपालपक्ष राष्ट्र रहेको विश्व पशु स्वास्थ्य सँगठन लगायतका अन्तराष्ट्रिय तथा क्षेत्रिय सँगठनमा पशुपन्छी वन्यजन्तु समेत माछा, मौरि, रोग तथा अवस्थाको सम्वन्धमा निर्दिष्ट ढाचामा रिपोर्टिङ गर्ने ।
- पशु रोग जोखिम विश्लेषण गर्ने ।
- पशुपन्छीमा रेबिज रोग लगायतका अन्य जुनोटिक रोग नियन्त्रणका लागि आवश्यक सेवा प्रदान गर्ने, साथै रेविज रोग नियन्त्रणका लागि घरपालुवा तथा सामुदायिक कुकुर विरालोमा खोप तथा बन्ध्याकरण सेवा सञ्चालन गर्ने ।
- पशुपन्छी तथा माछामा खोपको माग तथा आपुर्ति व्यवस्थापन गर्ने ।
- पशु स्वास्थ्य नियमन सेवा सञ्चालन तथा समन्वय गर्ने ।
- पशुपन्छी तथा मत्स्यजन्य महामारी एवं प्रकोप व्यवस्थापन गर्ने ।
- आधुनिक पशु उपचार समवन्धि प्रविधि हस्तान्तरण तथा विस्तार गर्ने ।
- पशु स्वास्थ्य सम्बन्धी जनचेतनामूलक कार्य सञ्चालन गर्ने ।
- एक स्वास्थ्यको अवधारणा कार्यान्वियन गर्न कार्यक्षेत्र भित्रका स्वास्थ्य संस्थाहरुसँग समन्वय गर्ने ।
- डेरी पसल, माछा/मासु पसल, वधस्थल, वधशाला ,भेटेरिनरी औषधि पसल, पेट शप, केनल क्लव, एक्वेरियम, पशु हाट वजार लगायतका पशु सेवा प्रदायकको अनुगमन तथा नियमन गर्ने ।
- पशु कल्याण सम्बन्धी आवश्यक कार्य गर्ने ।

### पशुपन्छी उत्पादन तथा बजार प्रवर्द्धन शाखा

- कृत्रिम गर्भाधान सेवाकोलागि तरल नाइट्रोजन तथा सिमेनको व्यवस्थापन गर्ने।
- पशु प्रजननसँग सम्बन्धीत समस्याहरुको निराकरण गर्न स्थानिय तहहरुसँगको समन्वयमा विशेष कार्यक्रमहरु सञ्चालन गर्ने ।
- स्थानिय तहलाइ आवश्यकता अनुसार प्राविधिक पृष्ठपोषण गर्ने ।
- पशुपालन क्षेत्रमा देखा परेका चुनौतिहरुलाइ सम्वोधन गर्न अध्ययन परीक्षण अनुसन्धान सेवा प्रवाह गर्ने ।
- स्थानिय तहवाट माग भएको अवस्थामा गुणस्तरिय घाँसको विउ ,डालेघाँसको वेर्ना सेट्स लगायतका उत्पादन सामाग्रिको आपुर्ति व्यवस्थापन सहजिकरण गर्ने ।सो कार्यका लागि घाँस तथा डाले घाँसको गुणस्तरीय बीज बृद्धि (Seed Multification) तथा नर्सरी व्यवस्थापन सम्बन्धी कार्यक्रमहरु समेत संचालन गर्ने।
- पशुपन्छी तथा माछाको श्रोत केन्द्र विकास गर्न आवश्यक सहजिकरण तथा प्राविधिक सेवा प्रदान गर्ने । सो को लागि आवश्यक गुणस्तरीय पशुपन्छीको उत्पादन तथा विस्तार गर्न न्युकिरियस हर्ड/ फ्लक संचालन गर्ने।
- पशुपन्छी पशुपन्छीजन्य पदार्थ र पशु उत्पादन सामाग्रि सम्बन्धी तथ्याङक व्यवस्थापन तथा विवरण अध्यावधिक गर्ने ।

- पशुपन्छी प्रसारको योजना तर्जुमा व्यवसायिक योजना निर्माणमा आवश्यकाता अनुसार स्थानिय तहलाइ सहजिकरण गर्ने ।
- पशुपन्छी तथा मत्स्य कर्जा र बिमा प्रवर्द्धनमा सहजिकरण गर्ने ।
- असल पशुपालन अभ्यास प्रबर्द्धन तथा विस्तार गर्ने ।
- सबै शाखाहरु संगको समन्वयमा कार्यालयको वार्षिक कार्यक्रम, बजेट तथा योजना तर्जुमा गरि PLMBIS मा प्रविष्टि गर्ने ।
- वार्षिक कार्यक्रम कार्यान्वियन कार्ययोजना तयार गर्ने ।
- कार्यालयबाट सम्पादन भएका कार्यहरुको चौमासिक तथा वार्षिक प्रगति विवरणहरु अन्य शाखाहरुसंगको समन्वयमा तयार गर्ने ।
- मन्त्रालय र निर्देशनालयबाट परिपत्र भए अनुसारको विवरण तथा प्रतिवेदनहरु कार्यालय प्रमुखको निर्देशानुसार तयार गरि पठाउने ।
- स्थानीय तह र सम्बन्धित निकायहरुसंग समन्वय गरि जिल्लाको समग्र पशु तथा पशुजन्य सामाग्रीको तथ्याङ्क नियमित संकलन, व्यवस्थापन र अद्यावधिक गर्ने ।
- वार्षिक पुस्तिका, लाभग्राही विवरण पुस्तिका, प्रविधि पुस्तिका लगायतका पुस्तिकाहरु प्रकाशन एवं प्रचार प्रसार गर्ने ।
- कार्यालयबाट संचालन हुने वार्षिक स्विकृत कार्यक्रमहरु मध्ये जिम्मेवारी प्राप्त भएका कार्यक्रमहरुको आवश्यक सूचना प्रकाशन, प्राप्त आवेदनहरुको स्थलगत भेरिफिकेशन, सम्झौता तथा कार्यान्वयन संग सम्वन्धित क्रियाकलापहरुको सघन रुपमा स्थलगत अनुगमन एंव निरिक्षण गरि प्रगति तथा उपलब्धि मापन र अभिलेखिकरण गर्ने ।
- सरकारी/गैह्र सरकारी संस्था, अनुसन्धान केन्द्र एंव कम्पनीहरु संग समन्वय गरि प्रविधि प्रसार, अध्ययन, परिक्षण सम्वन्धी क्रियाकलापहरु संचालन गर्ने/गराउने ।
- कार्यालयको सूचना अधिकारीको रुपमा कार्य गर्ने ।

**प्रशासन शाखा**

**लेखा फाँट**

- कार्यालयको विनियोजन, खर्च, राजश्व तथा धरौटीको लेखा राख्ने
- मासिक तथा वार्षिक प्रगति प्रतिवेदन तयार गर्ने
- आन्तरिक तथा अन्तिम लेखा परिक्षण गर्ने गराउने

**प्रशासन फाँट**

- कर्मचारीको प्रशासन सम्बन्धी कार्य गर्ने ।
- कार्यालयको लेखा तथा श्रेस्ता व्यवस्थापन सम्बन्धी कार्य गर्ने ।
- जिन्सि तथा स्टोर व्यवस्थापन गर्ने ।
- जनशक्ति ब्यवस्थापन सम्बन्धी कार्य गर्ने ।
- तालुक निकायहरुबाट प्राप्त निर्देशन परिपत्र एंव राय सुझाव कार्यान्वियन गर्ने/ गर्न सहयोग गर्ने।

## ५. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

यस कार्यालयबाट प्रदान गरिने सेवाहरु नियमानुसार लाग्ने दस्तुर लिई प्रदान गरिने छ र सो को लागि सेवाको प्रकृति अनुसार तुरुन्तै वा वढीमा एक हप्ता अवधी लाग्नेछ । यस सम्बन्धि विस्तृत विवरण तल तालिका मा नागरिक बडापत्रमा उल्लेख गरिएको छ ।

**नागरिक वडापत्र (Citizen Charter)**

| क्र=स = | सेवाको प्रकृति तथा विवरण | लाग्ने दस्तुर | सेवाग्राहीले पुर्याउनु पर्ने प्रकृया र पेश गर्नुपर्ने कागजात | लाग्ने समय अवधि | जिम्मेवार शाखा |
|---|---|---|---|---|---|
| १. | पशु स्वास्थ्य परिक्षण सेवा | | | | |
| १.१ | गाई/भैंसीको दर्ता | १० | पशु सेवा कार्यालयमा ल्याउनुपर्ने | कार्यालय समय भित्र | पशु चिकित्सा तथा प्रयोगशाला शाखा |
| १.२ | भेडा/बाखा/खरायोको दर्ता | ५ | | | |
| १.३ | संगुर/बंगुरको दर्ता | ५ | | | |
| १.४ | कुखुरा, हाँस रअन्य पन्छीको दर्ता | ५ | | | |
| १.५ | कुकुर/बिरालोको दर्ता | ५० | | | |
| १.६ | हात्ती/घोडा/बाँदर अन्य वन्यजन्तुको दर्ता | २०० | | | |
| २. | पोष्टमार्टम (शव परिक्षण) | | | | |
| २.१ | गाई/भैंसी | २०० | पशु सेवा कार्यालयमा ल्याउनुपर्ने (मरेको पशु को शव उपयुक्त किसिमबाट ल्याईएको हुनुपर्ने छ/पुरानो/सडेको/दुर्गन्धित पशुपन्छीको शव परिक्षण गरिने छैन।) | कार्यालय समय भित्र | पशु चिकित्सा तथा प्रयोगशाला शाखा |
| २.२ | भेडा/बाखा/सुँगुर/बगुं/खरायो | ५० | | | |
| २.३ | कुकुर/बिरालो | २०० | | | |
| २.४ | कुखुरा/चरा/हाँस | १० | | | |
| २.५ | अन्य पन्छी | ५० | | | |
| २.६ | माछा | ३० | | | |
| २.७ | हात्ती/घोडा/बाँदर अन्य वन्यजन्तु | ५०० | | | |
| २.८ | अन्य पशुपन्छीको पोष्टमार्टम | ५० | | | |
| ३. | प्रयोगशाला परिक्षण | | | | |
| ३.१ | गोबर परिक्षण | १५ | | | |
| ३.२ | रुटिन पिसाब परिक्षण | ५० | | | |
| ३.३ | दुध परिक्षण **(CMT Test)** | २५ | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३.४ | रक्त परिक्षण **(CBC)** | १०० | पशु सेवा कार्यालयमा ल्याउनुपर्ने (नमुना संकलन तथा पेश गर्ने विधि प्राविधिक हिसावले ठिक हुनुपर्ने) | कार्यालय समय भित्र | पशु चिकित्सा तथा प्रयोगशाला शाखा |
| ३.५ | रक्त परिक्षण **(RBC, ESR, TLC, Platelets)** | २० | | | |
| ३.६ | रक्त परिक्षण **(DLC, PCV)** | ३० | | | |
| ३.७ | रक्त परिक्षण **(Hb)** | ४० | | | |
| ३.८ | रक्त परजिवी परिक्षण | ५० | | | |
| ३.९ | स्कीन स्क्रयापिङ | ५० | | | |
| ३.१० | रेपिड टेष्ट | ५० | | | |
| ३.११ | कल्चर, सेन्सिटिभिटि | १०० | | (कम्तिमा ३ दिन) | |
| ४. | अपरेशन | | | | |
| ४.१ | ठुला चौपायाको मेजर अपरेशन | ३०० | पशु सेवा कार्यालयमा ल्याउनुपर्ने | आवश्यकता अनुसार | पशु चिकित्सा तथा प्रयोगशाला शाखा |
| ४.२ | साना चौपायाको मेजर अपरेशन (कुकुर, बिरालो बाहेक) | २०० | | | |
| ४.३ | अन्य पशुको मेजर अपरेशन (वन्यजन्तु समेत) | ५०० | | | |
| ४.४ | कुकुर, बिरालो लगायत क्यामपियन जनावरको मेजर अपरेसन | ६०० | | | |
| ४.५ | माइनर अपरेसन | ५० | | | |
| ४.६ | जटिल घाउको ड्रेसिङ | १०० | | | |
| ४.७ | प्लाष्टर | १५० | | | |
| ५. | सिफारिस सम्वन्धि | | | | |
| ५.१ | पशुपन्छी तथा मत्स्य फार्म, ह्याचरी स्थापना तथा आया निर्यात सिफारिस (सम्वन्धित संघिय निकायमा) | निशुल्क | लिखित अनुरोध | बढीमा १ हप्ता अनुगमन गरी | पशु विकास तथा प्रविधि प्रसार शाखा |
| ६. | परामर्श सेवा | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ६.१ | पशुपालन व्यवसाय प्रवर्द्धन | निशुल्क | मौखिक तथा लिखित अनुरोध | कार्यालय समय भित्र | पशु विकास तथा प्रविधि प्रसार शाखा |
| ६.२ | बजारीकरण सेवा | निशुल्क | | | |
| ६.३ | बिमा सम्वन्धी | निशुल्क | | | |
| ६.४ | पशु सेवा सम्वन्धी ऐन नियम | निशुल्क | | | |
| ६.५ | पशुपन्छी तथ्याङ्क सम्वन्धी | निशुल्क | रु.१० को टिकट सहित लिखित निवेदन | | |
| ७. | अन्य सेवा | | | | |
| ७.१ | अल्ट्रासाउण्ड | ४०० | पशु सेवा कार्यालयमा ल्याउनुपर्ने | आवश्कता अनुसार | पशु चिकित्सा तथा प्रयोगशाला शाखा |
| ७.२ | रेविज विरुद्धको खोप | ७५ | | | |
| ७.३ | महामारी रोग नियन्त्रण | निशुल्क | मौखिक तथा लिखित अनुरोध | कार्यालय समय भित्र | |
| ७.४ | कृत्रिम गर्भधान सेवा (गाई/भैंसी/बाखा) | ५० | पशु सेवा कार्यालयमा ल्याउनुपर्ने | | |
| ७.५ | गर्भ परिक्षण सेवा(गाई/भैंसी) | १० | पशु सेवा कार्यालयमा ल्याउनुपर्ने | | |
| ७.६ | पशु आहारा व्यवस्थापन | निशुल्क | मौखिक तथा लिखित अनुरोध | कार्यालय समय भित्र | पशु विकास तथा प्रविधि प्रसार शाखा |

## ६. निर्णय गर्ने प्रक्रिया र अधिकारी

यस कार्यालयबाट निर्णय गर्दा स्वीकृत कार्यविधिहरु र "सरकारी निर्णय प्रक्रिया सरलीकरण निर्देशिका, २०६५" लाई परिपालन गर्ने गरिएको छ। अधिकार प्रत्यायोजन भएका विषयहरुमा शाखा प्रमुखहरुबाट तत्काल निर्णय हुने व्यवस्था मिलाईएको छ भने कार्यालय प्रमुखबाट हुनु पर्ने निर्णयहरुको हकमा टिप्पणी प्रकृया अबलम्बन गरिने छ । यसका अलावा आन्तरिक तथा नियमित कार्यहरु सम्पादनका लागी मासिक बैठकहरुमा समेत निर्णय गर्ने व्यवस्था मिलाईएको छ भने कतिपय विषयवस्तुलाई छिटो छरितो रुपमा सम्पादन गर्नुपर्ने अवस्थामा सेवाग्राहीको निवेदनमा नै तोकआदेश गरी निर्णय प्रकृयालाई द्रुत तथा कार्यान्वयनलाई छरितो वनाउने व्यवस्था मिलाईएको छ ।

## ७. निर्णय उपर उजुरी सुन्ने अधिकारी

प्रचलित कानुन बमोजिम तोकिएको विषयमा सोही बमोजिम नै हुने छ भने अन्यको हकमा यस कार्यालयबाट गरिएका निर्णय उपर उजुरी गर्नु परेमा निर्णय गर्ने अधिकारी भन्दा एक श्रेणी माथीका अधिकारी समक्ष उजुरी गर्नु पर्ने छ । यसरी सेवाग्राहीले प्रत्यक्ष रुपमा निवेदन मार्फत वा कार्यालयमा व्यवस्था गरिएको उजुरी पेटिकामा आफ्नो गुनासो वा उजुरी दिन

सक्ने छन् । प्राप्त उजुरीहरुलाई नियमित रुपमा संकलन तथा विश्लेषण गरी व्यवस्थापन गर्न कार्यालय प्रमुख लाई गुनासो सुन्ने अधिकारीको जिम्मेवारी प्रदान गरिएको छ ।

## ८. सम्पादन गरेको कामको विवरण

| सि.न. | संचालित प्रमुख कार्यक्रमहरु | | | | | हाँसिल मुख्य उपलब्धी |
|---|---|---|---|---|---|---|
| | कार्यक्रम | लक्ष्य परिमाण | बिनियोजन रु. हजार | प्रगति परिमाण | बजेट खर्च रु. हजार | |
| १ | समुदायमा आधारित एक वडा एक कृषि उत्पादन कार्यक्रम (निरन्तरता) | १ | ४००० | १ | ३९९९ | ४० वटा चौरी, ६ वटा याक, २० वटा क्रिम सेपेरेटर वितरण, १४ वटा नयाँ गोठ निर्माणमा सहयोग, पशु स्वास्थ्य सामाग्री वितरण (जुकाको औषधी, वाह्यिय परजिवी विरुद्धको औषधी, क्याल्सियम, भिटामिन तथा मिनरलहरु) तथा चौरी पालन सम्वन्धि ३ दिने तालिम संचालन गरि दुध उत्पादन, पशु स्वास्थ्य र कृषकहरुको आयआर्जनमा सुधार। |
| २ | एक जिल्ला एक विशेष पकेट कार्यक्रम | १ | ३५०० | १ | २९३२.४ | ८ जना कृषकहरुले व्यवस्थित गोठ निर्माण तथा पशुपालनका असल अभ्यास अवलम्वन गरी पशु स्वास्थ्य, उत्पादकत्व तथा आयआर्जनमा सुधार गरेको। |
| ३ | इपिडेमिक तथा आकस्मिक रोग नियन्त्रण | ४ | १०५० | ४ | १०५० | वर्ड फ्लू रोग पुष्टि भएका ३० वटा खोरका ९०२७५ वटा पन्छी, ३८१८५ वटा अण्डा, १०२१० के.जी. दाना तथा ५२७५ वटा क्रेट सुरक्षित रुपमा नष्ट गरी रोगको थप फैलावत नियन्त्रण गरिएको। |
| ४ | पशुपन्छीमा लाग्ने संक्रामक रोग विरुद्धको खोप कार्यक्रम ( भ्याक्सिनेटरको पारीश्रमिक तथा लजिष्टिक सपोर्ट समेत) | ५ | १८४०० | ५ | ५८४३ | PPR रोग विरुद्ध भेडा बाख्रामा ५४२२०० डोज, FMD रोग विरुद्ध गाई/भैंसी, भेडा/बाख्रा र बंगुरमा २४८५०० डोज, LSD रोग विरुद्ध गाई/भैंसीमा ११०६५० डोज, CSF रोग विरुद्ध बंगुरमा १३८०० डोज र H.S/B.Q रोग विरुद्ध गाई/भैंसीमा १३४०० डोज खोप लगाउने |

| सि.न. | संचालित प्रमुख कार्यक्रमहरु | | | | | हाँसिल मुख्य उपलब्धी |
|---|---|---|---|---|---|---|
| | कार्यक्रम | लक्ष्य परिमाण | बिनियोजन रु. हजार | प्रगति परिमाण | बजेट खर्च रु. हजार | |
| | | | | | | कार्य सम्पन्न गरियो। यस खोप अभियानबाट पशुहरुलाई विभिन्न संक्रामणबाट संरक्षण गर्न, रोगको प्रकोप तथा क्षति न्यूनीकरण गर्न, पशु स्वास्थ्य सुधार गर्न र उत्पादन तथा उत्पादकत्वमा वृद्धि भएको। |
| ५ | घाँस तथा घाँसेवाली बिउ बेर्ना वितरण कार्यक्रम | ३ | ६३० | ३ | ६३० | ९१ हेक्टरमा घाँस खेती भएको |
| ६ | कृतिम गर्भधारण तरल नाईट्रोजन खरिद ढुवानी (पशु प्रजनन सेवा कार्यक्रम) | ४ | १६८ | ४ | १६८ | ४३२९८ वटा गाई/भैंसी/बाख्रामा कृ.ग. गरी नश्ल सुधारमा टेवा पुगेको |
| ७ | पशुपालनमा असल अभ्यास प्रवर्धन कार्यक्रम | २० | १४०० | १९ | ९९३ | १९ जना कृषकहरुले पशुपालनमा असल अभ्यास अवलम्वन गरी पशुपालन व्यवस्थापनमा सुधार गरेको |
| ८ | पशुपन्छी तथा मत्स्य उद्यमशिलता विकास कार्यक्रम | २० | २८०० | १६ | १९६० | २९ जना कृषकहरुले व्यवस्थित गोठ निर्माण तथा पशुपालनका असल अभ्यास अवलम्वन गरी पशु स्वास्थ्यमा सुधार, उत्पादकत्वमा वृद्धि तथा आयआर्जनमा सुधार गरेको। |
| ९ | मागमा आधारित जिविकोपार्जन सहयोग कार्यक्रम | ३० | २१०० | २९ | २०१५ | २९ जना कृषकहरुलाई जिविकोपार्जनमा सहयोग उपलव्ध गराई उनीहरुको आयआर्जनमा सहयोग पुगेको। |
| १० | पशुपन्छीको मल प्रशोधनको लागि प्रविधि तथा पूर्वाधार सहयोग कार्यक्रम | १ | ६३० | १ | ५०१ | १ वटा फार्मले मल प्रशोधन पछि बिक्रि वितरण सुरु भएको तथा माटोको उर्वराशक्ति अभिवृद्धिमा वृद्धि भएको। |
| ११ | दुध उत्पादन वृद्धि कार्यक्रम SAPLING परियोजना (ILRI) सँग साझेदारीमा कार्यक्रम संचालन गर्ने) | २ | ७०० | २ | ५०३ | ६० जना कृषकहरुका १३० वटा पशुहरुमा बाँझोपन परिक्षण तथा उपचार,२०१११ सेट नेपियर घाँस वितरण तथा पराल उपचार प्रविधि हस्तान्तरण गरी पशु उत्पादन तथा |

| सि.न. | संचालित प्रमुख कार्यक्रमहरु | | | | | हाँसिल मुख्य उपलब्धी |
|---|---|---|---|---|---|---|
| | कार्यक्रम | लक्ष्य परिमाण | बिनियोजन रु. हजार | प्रगति परिमाण | बजेट खर्च रु. हजार | |
| | | | | | | उत्पादकत्वमा सुधार आएको। |
| १२ | पशुपालन असल अभ्यास सम्वन्धी ३ दिने तालिम | १ | ११७ | १ | ११७ | १६ जना कृषकहरुले पशुपालनमा असल अभ्यास अवलम्वन गरी पशु व्यवस्थापनमा सुधार गरेको। |
| १३ | एक पकेट खोरेत रोग मुक्त अभियान कार्यक्रम | ४ | ७०० | ४ | ७०० | FMD रोग विरुद्ध १७५०० डोज खोप लगाई पशुहरुलाई रोगबाट संरक्षण गरिएको तथा रोगको प्रकोप न्यूनीकरण भएको। |
| १४ | कृषि क्षेत्रमा विपदबाट क्षति पुगेका कृषकलाई राहत वितरण कार्यक्रम | १ | ७५४२ | १ | ७५१७ | आ.व. २०८१/०८२ मा विपदबाट प्रभावित ७७ जना तथा आ.व. २०८२/०८३ मा ४ जना कृषकहरुलाई राहत उपलव्ध गराई पुनःस्थापनामा सहयोग पुगेको । |
| १५ | बाख्रापालन तालिम ३ दिने तालिम | १ | ११७ | १ | ११७ | १४ जना कृषकहरुले बाख्रापालन सम्वन्धी तालिम प्राप्त गरी बाख्रा व्यवस्थापनमा सुधार गरेको। |
| १६ | गाई/भैंसी पालन तालिम ३ दिने तालिम | १ | ११७ | १ | ११७ | १५ जना कृषकहरुले गाई/भैंसीपालन सम्वन्धी तालिम प्राप्त गरी पशुपालन व्यवस्थापनमा सुधार गरेको। |
| १७ | निजी क्षेत्रको सहकार्यमा स्वच्छ दूध उत्पादन तथा दुग्ध पदार्थ विविधिकरण तालिम (३ दिने) | १ | ११७ | १ | ११७ | २५ जना कृषकहरुले दुधलाई विभिन्न दुग्धजन्य पदार्थमा विविधिकरण गरी बजार व्यवस्थापनमा सुधार ल्याएका र थप आयआर्जन गर्न सक्षम भएको। |
| १८ | कृत्रिम गर्भाधानकर्ताहरुलाई पशु प्रजनन् विकृति सम्वन्धी १ दिने कार्यशाला गोष्ठी | १ | ९० | १ | ९० | ७८ जना कृ.ग कर्ताहरुको प्रजनन् विकृति सम्वन्धी समस्याको समाधान। |

कुल बजेट रु. (हजारमा) : ६४१६३

वार्षिक खर्च रकम रु. (हजारमा): ५४९८४

वार्षिक वित्तीय प्रगति प्रतिशतः ८५.७

वार्षिक भौतिक प्रगति प्रतिशतः ९२

**९. सूचना अधिकारी र प्रमुखको नाम र पद**

सूचना अधिकारीः

नामः डा. सुशिला श्रेष्ठ

पदः पशु विकास अधिकृत, अधिकृतस्तर आठौं

सम्पर्क नं. ९८५१४३६०७७

कार्यालय प्रमुखः

नामः डा. ब्रज किशोर ठाकुर

पदः बरिष्ठ पशु चिकित्सक, अधिकृतस्तर नवौं

सम्पर्क नं. ९८५११६४५९४

**१०.ऐन, नियम, वा कार्यविधिको सूची**

(१) ऐनहरू तथा नियमहरु

(१) प्रदेश कृषि विकास ऐन, २०८२

(२) प्रदेश बीउ विजन ऐन, २०७६

(३) कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७६

(२) कार्यविधिहरू, मार्गदर्शन, मापदण्ड आदि

(१) एकिकृत पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२

(२) कृषि क्षेत्रमा विपतबाट क्षति पुगेका कृषकलाई राहत वतरण कार्यविधि, २०८२

(३) भेटेरिनरी निरीक्षण निर्देशिका , २०६५

(४) राष्ट्रपति उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७१

(५) एक जिल्ला एक विशेष कृषि, पशुपन्छी तथा मत्स्य पकेट क्षेत्र कार्यविधि, २०८२

(६) खोरेत रोग मुक्त क्षेत्र अभियान, २०८२

(७) सेथानीय तहमा अनुदान अन्तर्गत कृषि कार्यक्रम , २०८२

(८) व्यवसायिक पंक्षी फार्म तथा ह्याचरी संचालन निर्देशिका, २०७१

**११.सार्वजनिक निकायको वेभसाईट भए सोको विवरण**

https://lsokavre.bagamati.gov.np/

**१२.सार्वजनिक निकायमा परेको सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विषय**

औपचारिक किसिमबाट हालसम्म कसैबाट पनि सुचना माग नभएको ।तथापी, अनौपचारिक रुपमा कार्यालयमा आएर वा टेलिफोन मार्फत सम्पर्क गर्नेलाई सूचना एवं जानकारी दिने गरिएको ।

१३. सञ्चारका **सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण**

कार्यालयको website, सामाजिक सञ्जाल स्थानीय संचार माध्यमहरु तथा आवश्यकता अनुसार राष्ट्रियस्तरका आमसंचार माध्यमहरुबाट प्रकाशन तथा प्रसारण गर्ने गरिएको ।